# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## फागु पर्व २०७८ को शुभकामना सन्देश !

रंगहरुको पर्वका रुपमा उत्साहसाथ मनाइने फागु पर्वको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

यस वर्षको फागु पर्व पहाडी र हिमाली तथा भित्री मधेसका जिल्लाहरुमा चैत ३ र तराईका जिल्लाहरुमा चैत ४ मा हर्षोल्लासपूर्ण वातावरणमा मनाइदैछ । बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक, विविधतायुक्त हाम्रो देश यही विविधताभित्र एकता, सद्भाव र सहिष्णुताका लागि संसारको उत्कृष्ट नमूना बनेको छ । हामीले हाम्रा विशेषताप्रति गौरवबोध गर्न सक्नुपर्दछ । हाम्रा यी मौलिक पर्वहरुले हामीलाई एकताको सुत्रमा बाँधी राख्नेछन् । हाम्रा अमूल्य मौलिक संस्कृतिको संरक्षण तथा सम्बर्द्धनले मात्र हाम्रो राष्ट्रिय गौरवको धरोहर संरक्षित हुन सक्दछ ।

प्रकृति बासन्ती चोलामा मौलिक रंगहरुले सजिने यो अवसरमा हामीहरु विविध रंगको पर्व मनाइरहेका छौं । यस सन्दर्भमा यस पर्वलाई आपसी खुशी र सहमतीको पर्वका रुपमा स्वीकार गरी अनुशासित र मर्यादित भएर मनाउँन हामी सबै उत्साहित हुनुपर्दछ । यस उपलक्ष्यमा समग्र मानव जीवन रंगीन र उल्लासमय बन्न सकोस् भन्ने पुन: हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

२०७८ चैत्र ३ गते विहीबार

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख